सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १७९ ♦ २०८२ साल फागुन २० बुधवार ♦ 4 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिबास-रातु पुलमा शंकास्पद वस्तु फेला, सुरक्षामा कडाई







**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, बर्दिवास**

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचन नजिकिँदै गर्दा महोत्तरीको बर्दिबास स्थित महोत्तरी-धनुषा सीमामा पर्ने रातु खोलाको पुलमा शंकास्पद वस्तु फेला परेको छ।

उक्त शङ्कास्पद वस्तु विस्फोट हुँदा दुईजना पैदलयात्री घाइते भएका छन् । प्रहरीका अनुसार बर्दिबास नगरपालिका-१ स्थित पूर्व-पश्चिम लोकमार्गअन्तर्गत रातु पुलको दाहिनेतर्फ रातो रङको बट्टामा दुईवटा शङ्कास्पद वस्तु देखिएका थिए । बर्दिबासबाट पूर्वतर्फ जाँदै गरेका तीन जनामध्ये एक जनाको खुट्टा शङ्कास्पद वस्तुमा लाग्दा विस्फोट भएको इलाका प्रहरी कार्यालय, बर्दिबासका प्रहरी नायब उपरीक्षक (डीएसपी) विकास बमले जानकारी दिए ।

विस्फोटको छर्रा लागेर कैलालीको घोडाघोडी-१० घर भई हाल बर्दिबासस्थित वर्कसपमा काम गर्ने १७ वर्षीय सन्देश चौधरी र २४ वर्षीय समीर चौधरी घाइते भएका छन् । प्रहरीका अनुसार उनीहरूको बायाँ खुट्टा र ढाडमा सामान्य चोट लागेको छ । घाइते दुवैको अवस्था खतरामुक्त रहेको जनाइएको छ ।

विस्फोटको जानकारी प्राप्त हुनासाथ डीएसपी बमको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनास्थलमा करिब २०० ग्राम तौलको अर्को शङ्कास्पद वस्तु फेला परेपछि नेपाली सेनाको बम डिस्पोजल टोलीसँग समन्वय गरी निष्क्रिय पारिएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गतको उक्त पुलमा भेटिएको सामग्रीलाई मध्य पूर्वी पृतना बर्दिबासको टोलीले सुरक्षित रूपमा डिस्पोज गरेको बताइएको छ। डिस्पोजका क्रममा ठूलो आवाज सुनिएको जानकारी इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमले दिएका छन्।

घटनापछि केही समय मुख्य सडक अवरुद्ध भएको थियो। सुरक्षाको दृष्टिले पुल क्षेत्र खाली गराएर यातायात रोकिनु परेको र त्यसपछि खोलाको वैकल्पिक बाटोबाट सवारी सञ्चालन गरिएको प्रहरीले जनाएको छ। निर्वाचन नजिकिँदै गर्दा यस्ता गतिविधिले सुरक्षाप्रति गम्भीर प्रश्न उठाएको छ। प्रशासनले सीमावर्ती क्षेत्र, राजमार्ग र संवेदनशील स्थानमा अतिरिक्त प्रहरी परिचालन गरेको जनाएको छ। मतदातालाई नआत्तिन र शंकास्पद वस्तु देखेमा तुरुन्त जानकारी दिन आग्रह गरिएको छ।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत सक्रिय देखिएको जेनजी समूहको आन्दोलनले पनि चुनावी माहोल तातिएको छ। युवापुस्ताले पारदर्शिता, रोजगारी र सुशासनको माग उठाइरहेका बेला यस्ता घटनाले अस्थिरता निम्त्याउने प्रयास भएको विश्लेषण गर्न थालिएको छ। यद्यपि, आधिकारिक रूपमा कुनै समूहको संलग्नता पुष्टि भएको छैन।

चुनाव शान्तिपूर्ण र भयमुक्त वातावरणमा सम्पन्न गराउने जिम्मेवारी राज्यको हो। प्रशासनले सुरक्षा संयन्त्र मजबुत बनाउँदै जनतालाई सचेत र संयमित रहन आग्रह गरेको छ। निर्वाचन नजिकिँदै गर्दा यस्ता घटनाले चुनौती थपे पनि मतदाताको सहभागितामा कुनै असर नपरोस् भन्ने सबै पक्षको साझा अपेक्षा रहेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) हेरम्ब शर्माका अनुसार घटनाबारे सूक्ष्म अनुसन्धान भइरहेको छ ।

## सरकारी गाडीको नम्बर 'निजी' बनाइएको आरोपमा मधेशका पूर्वसभामुख मण्डलका ज्वाई पक्राउ

**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, बर्दिवास**

मौन अवधिकै बीच सरकारी गाडीको नम्बर प्लेट परिवर्तन गरी निजी बनाइएको आरोपमा मधेश प्रदेशका पूर्वसभामुख रामचन्द्र मण्डलका ज्वाई रमेश मण्डल पक्राउ परेका छन्। स्रोतका अनुसार सशस्त्र प्रहरीको विशेष चेकजाँचका क्रममा मिथिला बिहारी नगरपालिका-पुरन्दाहा क्षेत्रबाट उनलाई नियन्त्रणमा लिइएको हो।

सशस्त्र प्रहरी बल, नेपाल मधेश प्रदेशका डिआइजी कृष्ण

*बाँकी पृष्ठ ३ मा*



## धनुषा-१ का रास्वपा उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, बर्दिवास**

निर्वाचन आयोगले धनुषा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गरेको छ । आयोगका प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा नाम रहेको प्रमाण पुष्टि भएपछि उम्मेदवारी खारेज गर्ने निर्णय गरिएको हो । उनले कानुनी व्यवस्थाअनुसार आवश्यक जाँचपड्तालपछि

*बाँकी पृष्ठ ३ मा*

# मधेसवादी दललाई गाह्रो छ यसपालिको चुनाव, पहिलेझैं छैन चर्चा

**खबर दर्पण समाचारदाता**
**फागुन १९ गते, बर्दिवास**

यसपटकको निर्वाचनमा मधेसवादी दलको खासै चर्चा छैन । यस्तो देखेर धेरैले भन्न थालेका छन्, 'यसपालि त मधेसकेन्द्रित दलको पत्ता साफ नै होलाजस्तो छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बढ्दो लहरबिच मधेसमै पनि मधेसवादी दलहरू ओझेलमा पर्न थालेको देखिएको छ । यतिबेला मधेसवादी दलले जित्ने सिटबारे चर्चा हुनु स्वाभाविक नै हो । उनीहरूको स्थिति कमजोरै हो त ? मधेस मामिलाका जानकार चन्द्रकिशोर भन्छन्, 'अवस्था खराब नै छ, कुनै नेता आफ्नो व्यक्तिगत क्षमताले जिते भने त्यो बेग्लै कुरा हो, त्यसबाहेक सबैको हालत खराब देखिएको छ ।' संगठनको बलमा जित्ने अवस्था कुनै पनि दलको नभएको र पार्टी अध्यक्षहरू नै ढुक्क हुने अवस्थामा नभएका उनले बताए । मधेसवादी दलहरू 'पत्ता साफ' नभए पनि 'वेभ' भने नेदेखिएको उनको बुझाइ छ ।

'मधेसवादी दलका लागि यो पतझडको मौसम हो, वसन्त आउँदैन,' उनले भने, 'मधेसवादी दलले संघीय सरकारदेखि प्रदेश सरकार र स्थानीय सरकारमा गरेको प्रदर्शन (पर्फमेन्स) राम्रो नभएको कारण अहिलेको अवस्था आएको हो ।' जेनजी आन्दोलन भए पनि मधेसवादी दलको संरचनामा कुनै फेरबदल नभएको, टिकट वितरणमा पनि केही फरकपन नदेखिएको उनको बुझाइ छ ।

## कुन नेताको अवस्था कस्तो ?

जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाल र तराई मधेसमा गठन भएका अन्य दलहरू यतिबेला चुनावमा होमिएका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी-३ बाट चुनाव उठेका छन् । जसपा नेपालका संरक्षक महन्थ ठाकुर राष्ट्रिय सभा सदस्यमा निर्वाचित भइसकेका छन् ।

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो सर्लाही-२, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत सप्तरी-२ बाट उम्मेदवार बनेका छन् । तर उनीहरूको अवस्था पहिलेझैं छैन, चुनावी नतिजा आफ्नो पक्षमा पार्न सबैले कडा परिश्रम गर्नुपर्ने देखिएको छ । मधेसकेन्द्रित दलहरूका बिचमा मोर्चा बने पनि त्यो यो चुनावमा भने निष्क्रिय रह्यो, अर्थात् नेताहरूले पर्याप्त तालमेल जुटाउन सकेनन् ।

मधेसवादी दलहरू यसपटक एक्लाएक्लै निर्वाचनमा होमिएका छन् । यद्यपि राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र जसपा (अशोक राई)ले एउटै चुनाव चिह्न निर्वाचनमा भाग लिएका छन् । त्यसबाहेक अरू कुनै पनि दलहरूका बिचमा कुनै प्रकारको सहमति भएको छैन । रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले विभिन्न पाँचवटा साना दलसँग गठबन्धन बनाए पनि त्यसको खासै प्रभाव देखिएको छैन ।

अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टीका नेताहरू विभिन्न दलबाट चुनाव लडेका छन् । उक्त पार्टीका अध्यक्ष अनिलकुमार झा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका छन्, उनले नेकपाका सहसंयोजक माधवकुमार नेपालसँग कडा प्रतिस्पर्धा गर्नुपर्ने छ । जसपा नेपालका नेता शरतसिंह भण्डारीको अवस्था पनि यसअघिका निर्वाचनजस्तो छैन, उनलाई कांग्रेसका किरण यादवले ठुलो चुनौती दिने देखिन्छ । जसपा नेपालका संरक्षक महन्थ ठाकुरले महोत्तरी-३ मा आफ्नी छोरी डा. मीनाक्षी यादवलाई उम्मेदवार बनाएका छन्, त्यहाँ जसपा नेपालकै विद्रोही उम्मेदवार हरि नारायण यादवसँग कडा प्रतिस्पर्धा हुने आकलन छ ।



२०७९ को निर्वाचनमा जसपा नेपालबाट सिरहा-२ बाट जितेका राजकिशोर यादव यसपटक सिरहा-४ बाट उम्मेदवार बनेका छन् । उनलाई रास्वपाका तपेश्वर यादवले टक्कर दिएका छन् । रास्वपाका समानुपातिक उम्मेदवार पुरुषोत्तम यादवको क्षेत्र भएको कारण त्यो क्षेत्रमा रास्वपाको प्रभाव बढी नै देखिएको छ ।

विगतमा जसपा नेपालबाट जितेका डा. वीरेन्द्र महतो यसपटक जनमत पार्टीबाट उम्मेदवार छन् । विभिन्न दल मिलेर बनेको नेकपाबाट अजय शंकर नायक यहाँ उम्मेदवार छन् । यी दलहरूबिच कडा प्रतिस्पर्धा हुने देखिएकाले यसपटक राजकिशोरका लागि पनि सहज नभएको विश्लेषण भइरहेको छ ।

गत निर्वाचनमा कांग्रेसका विनोद चौधरीसँग हारेका हृदयेश त्रिपाठी यसपटक जनता समाजवादी पार्टी नेपालबाट नवलपरासी-१ मा उम्मेदवार बनेका छन् । यसपटक पनि उनले उनै चौधरीसँग प्रतिस्पर्धा गरिरहेका छन् ।

जसपा नेपालकै सर्वेन्द्रनाथ शुक्ला रूपन्देही-४ मा उम्मेदवार छन्, उनले अघिल्लो पटक यहींबाट जितेका थिए । तर यसपटक उनलाई पनि कठिन देखिएको छ । नेपाली कांग्रेसबाट आशुतोष मिश्र, जनमत पार्टीबाट भूपेन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टीबाट कन्हैया बानियाँले उम्मेदवारी दिएका छन् । गत निर्वाचनमा लोसपाबाट प्रदेशसभा जितेका उनी राजीनामा दिएर रास्वपाबाट उम्मेदवार बनेका छन् । त्यसले पनि जसपा नेपालका शुक्लालाई असर पर्ने देखिएको छ ।

राष्ट्रिय मुक्ति पार्टीका उपाध्यक्ष डा. राजीव झा धनुषा-३ बाट उम्मेदवार थिए । तर उनले पार्टीबाट राजीनामा दिएर रास्वपामा प्रवेश गरी मनीष झालाई समर्थन गरिसकेका छन् । आफ्नै उम्मेदवारले रास्वपालाई समर्थन गरिसकेपछि रामुपाले धनुषा-३ मा कांग्रेसलाई समर्थन गरेको छ ।

त्यस्तै, सप्तरी-३ का रामुपाका उम्मेदवार गजेन्द्र मण्डलले कांग्रेसका उम्मेदवार दिनेश यादवलाई समर्थन गरेका छन्, दिनेशले यसअघि पनि त्यहाँबाट चुनाव जितेका थिए । यो क्षेत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि उम्मेदवार छन् । जसपा नेपाल र रामुपा एउटै मोर्चामा छन् तर गजेन्द्र मण्डलले उपेन्द्र यादवलाई समर्थन नगरेर कांग्रेसका दिनेश यादवलाई समर्थन गरेका छन्, त्यसैले पनि मधेसवादी दलहरूका बिचमा दूरी छ भन्ने पुष्टि हुन्छ ।

## मधेसमा दलहरूको शक्ति

३६ लाख ३६ हजार ४१४ मतदाता रहेको मधेस प्रदेशले प्रत्यक्ष तथा समानुपातिक गरेर करिब ५५ जना सांसद चयन गर्छ, जुन दलले त्यहाँबाट सबभन्दा बढी उम्मेदवार जिताउँछन्, त्यही दल नै मुख्यतः देशको सबभन्दा ठुलो दल बन्ने गरेको अहिलेसम्मको चुनावी नतिजाले देखाएको छ । त्यसैले मधेस प्रदेशका लागि चुनावी रणनीति, नेतृत्वको उपस्थितिलगायतमा मधेसलाई केन्द्रमा राखिने गरिएको छ ।

मधेस प्रदेसका आठ जिल्लामा ३२ वटा क्षेत्र छन् । गत चुनावमा जसपा नेपालले २ लाख ९८ हजार ७४४ मत ल्याएको थियो भने जनमत पार्टीले २ लाख ९६ हजार ४८४ मत ल्याएको थियो । २०७९ मा कांग्रेस सबैभन्दा ठुलो दल भएको थियो । त्यसले चार लाख ३४ हजार ९७१ मत ल्याएको थियो भने एमालेले तीन लाख ७१ हजार ९७१ मत ल्याएको थियो । नेकपा (तत्कालीन माओवादी)ले एक लाख ७९ हजार ७८०, राष्ट्रिय स्वतन्त्र पार्टीले ७२ हजार ९३५ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ६८ हजार ६५३ मत ल्याएका थिए । महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस), रञ्जिता श्रेष्ठ नेतृत्वको तत्कालीन नागरिक उन्मुक्ति पार्टी, मो. रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टीले थ्रेसहोल्ड पनि कटाएका थिएनन् ।

जसपा नेपालसँग एकता गरिसकेको तत्कालीन लोसपा नेपालले एक लाख नौ हजार ३९०, नेकपा (एस) एक लाख सात हजार ८४, नेकपासँग एकता गरिसकेको तत्कालीन नागरिक उन्मुक्ति पार्टीले ४१ हजार १, नेपाल संघीय समाजवादी पार्टीले ३८ हजार ३१२ र बहुजन एकता पार्टीले १५६ हजार ७७४ मत ल्याएका थिए ।

## सोचमा परिवर्तन आएन

मधेसवादी दलहरूको अवस्था अघिल्लो निर्वाचनजस्तो पनि नरहने सामाजिक अनुसन्धानकर्मी सोहन साह बताउँछन् । 'अहिले मधेसमा युवा मधेसवादी दलको नाम पनि सुन्न तयार देखिएका छैनन्, मधेसवादी दलप्रति खासै उत्साह छैन ।' उनको विचारमा यस्तो हुनुको एउटै कारण, मधेसवादी दलहरू परिष्कृत नहुनु हो । पुरानै शैली र सोचका साथ चुनावमा गएकाले मधेसवादी दलप्रति खासै आकर्षण नदेखिएको उनको तर्क छ ।

मधेसका विभिन्न जिल्ला घुमेर जनकपुर फर्केका अनुसन्धानकर्मी साह भन्छन्, 'पत्तासाफ नै त हुँदैन, सांगठनिक मतले कोही कोहीले जित्न सक्छन् । चुनाव नजिते पनि मत आउन सक्छ ।' भारतमा मायावतीको पार्टीले चुनाव नजिते पनि राम्रो मत ल्याएको उदाहरण दिँदै उनले भारतीय कांग्रेसले राम्रो मत ल्याएको बताए । 'मधेसवादी दलको पनि त्यस्तै हुन्छ, चुनाव नजिते पनि सम्मानजनक मत सबैतिर आउँछ,' उनले भने ।-रातोपाटी

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषाका नेपाल-भारत सीमा नाका निर्वाचन अवधिभर सिल

**खबर दर्पण समाचारदाता**
**फागुन १९ गते, बर्दिबास**

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै धनुषाका नेपाल-भारत सीमा नाकाहरू सोमबार मध्यरातदेखि सिल गरिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमका अनुसार मतदान प्रक्रिया सम्पन्न नभएसम्म सीमा नाकाबाट आवतजावत पूर्ण रूपमा बन्द र हनेछ।

धनुषाको जटहीसहित प्रमुख सीमा नाकामा आवागमनमा रोक लगाइएको हो। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन नेपाल र भारतका सुरक्षा निकायबीच भएको समन्वय तथा सहमतिअनुसार सीमा सिल गर्ने निर्णय गरिएको प्रहरीले जनाएको छ।



सीमा बन्द भएसँगै सशस्त्र प्रहरी बल (एपीएफ) ले सीमा क्षेत्रमा निगरानी तथा जाँचलाई थप कडाइ गरेको छ। सीमावर्ती क्षेत्रमा अतिरिक्त सुरक्षा जनशक्ति परिचालन गरी कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन सतर्कता अपनाइएको बताइएको छ।

प्रहरीका अनुसार नाका बन्द अवधिभर एम्बुलेन्स, दमकल, शववाहन तथा अन्य अत्यावश्यक र मानवीय सेवाबाहेक सबै प्रकारका सवारीसाधन तथा पैदल यात्रुहरूको आवागमनमा पूर्ण प्रतिबन्ध रहनेछ।

निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउन सुरक्षा निकायहरू उच्च सतर्कतामा रहेको जनाइएको छ।

# सरकारी गाडीको नम्बर...............

ढकालले नेपाल प्रेससँगको कुराकानीमा एउटा चारचक्के गाडी र चालक नियन्त्रणमा लिएको पुष्टि गरे। "हाम्रो टोलीले गाडी र चालकलाई नियन्त्रणमा लिएको रिपोर्ट आएको छ, थप बुझ्ने काम भइरहेको छ," उनले भने।

यसै विषयमा जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले पनि घटना भएको पुष्टि गरे, तर विस्तृत विवरण खुलाउन चाहेनन्।

स्रोतका अनुसार नियन्त्रणमा लिइएको गाडी सरकारी भए पनि त्यसमा निजी नम्बर प्लेट प्रयोग गरिएको थियो। चेकजाँचका क्रममा गाडी अवैध तथा गैर कानुनी रूपमा सञ्चालन गरिएको आशंकामा नियन्त्रणमा लिइएको बताइएको छ। गाडीबाट केही रकमसमेत फेला परेको दाबी गरिए पनि त्यसको आधिकारिक पुष्टि हुन बाँकी छ।

उक्त गाडी प्रदेश सभाको पूर्व सभामुख मण्डलमाथि यसअघि आचरणविपरीतको कार्यको आरोप लागेपछि मधेश प्रदेश सभाका दुई तिहाइ सदस्यले पदमुक्त गरेका थिए। त्यसपछि उनले प्रदेश सभा सदस्यबाट राजीनामा दिँदै धनुषा क्षेत्र नम्बर-१ बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवारी दिएका छन्। पक्राउ परेका र मेश मण्डल उनका निजी सचिवसमेत रहेका छन्। चेकजाँचमा खटिएका एक सुरक्षा स्रोतका अनुसार मतदाता प्रभावित पार्ने उद्देश्यले उक्त गाडी प्रयोग गरिएको आशंका छ।

सुरक्षा निकायलाई छल्न नम्बर प्लेट परिवर्तन गरिएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। स्रोतका अनुसार गाडी र सम्बन्धित व्यक्तिलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय धनुषाधामको नियन्त्रणमा बुझाइएको छ। पक्राउ परेको बागमती-प्र-०१ ००३२ च ७८९४ नम्बरको गाडी पक्राउ गरिएको छ। स्रोतका अनुसार सो नम्बर नक्कली नम्बर रहेको छ।

स्रोतका अनुसार सो गाडी र व्यक्ति इलाका प्रहरी कार्यालय धनुषाधामको नियन्त्रण बुझाइएको छ।


## भूकम्पबाट जोगिन सचेत बनौं

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

**औरही नगरपालिका, महोत्तरी**


# सर्लाहीस्थित मतदान केन्द्रका अधिकृतको आकस्मिक निधन

**खबर दर्पण समाचारदाता**
**फागुन १९ गते, बर्दिबास**

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत सर्लाहीको पर्सा गाउँपालिका-४ जिगडवास्थित आधारभूत विद्यालय मतदान केन्द्रमा खटिएका एक मतदान अधिकृतको मंगलबार निधन भएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार रौतहटको माधव नारायण नगरपालिका-६ घर भएका ४२ वर्षीय रघुनाथ महतोको मृत्यु भएको हो। उनी सिनियर अहेबका रूपमा कार्यरत थिए र निर्वाचन ड्युटीका लागि उक्त मतदान केन्द्रमा खटिएका थिए।

जिल्ला प्रशासन कार्यालय सर्लाहीका अनुसार मंगलबार दिउँसो करिब २ बजे मतदान केन्द्रमै महतो अचानक बेहोस भएका थिए। त्यसपछि उनलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। अस्पताल पुर्‍याइएको करिब आधा घण्टापछि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

महतो सर्लाहीको बरहथवा नगर पालिका-५ स्थित आधारभूत स्वास्थ्य केन्द्र बरहथवामा सिनियर अहेबका रूपमा कार्यरत रहेका थिए। उनको निधनबारे अस्पतालबाटै जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराएको जनाइएको छ।

घटना भएको जिगडवा आधार भूत विद्यालय मतदान केन्द्र जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट करिब १० किलोमिटर पूर्वमा पर्छ। मृत्युको यकिन कारण खुल्न बाँकी र हेको र पोस्टमार्टम रिपोर्टपछि मात्र स्पष्ट हुने चिकित्सकहरूले बताएका छन्।

शव हाल प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ भने परिवारलाई खबर गरिसकिएको प्रहरीले जनाएको छ।

# धनुषा-१ का रास्वपा उम्मेदवार किशोरी साह...........

निर्णय लिइएको स्पष्ट पारे। आयोगले सार्वजनिक गरेको विवरणअनुसार कर्जा सूचना केन्द्रको अद्यावधिक अभिलेखमा साह कमल निर्माण सेवा प्रालिका शेयरधनीका रूपमा देखिएका छन्।

उक्त विवरणमा उनी २०८० सालदेखि कालोसूचीमा रहेको उल्लेख छ। साथै विभिन्न मितिमा उनको नाम एकल तथा संयुक्त रूपमा चेक बाउन्ससम्बन्धी कालोसूचीमा समावेश भएको पाइएको आयोगले जनाएको छ।

निर्वाचन सम्बन्धी प्रचलित कानुनअनुसार बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा रहेका व्यक्तिहरू उम्मेदवार बन्न अयोग्य ठहरिने व्यवस्था रहेको छ। सोही आधारमा साहको उम्मेदवारी खारेज गरिएको आयोगको भनाइ छ।

यस निर्णयसँगै धनुषा-१ मा चुनावी समीकरणमा नयाँ तरंग आएको छ भने सम्बन्धित दलले आगामी रणनीतिबारे आन्तरिक छलफल थालेको जनाएको छ।


**धर्मको धरोहर - जनकपुरधाम**

**इतिहासको पहिचान - जनकपुरधाम**

**आस्थाको केन्द्र - जनकपुरधाम**

**नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै**

**जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔं।**

**सम्पदा जोगाऔं, पर्यटन बढाऔं, जनकपुरधाम उज्यालो बनाऔं।**

**जनकपुरधाम उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जनकपुरधाम, धनुषा, मधेश प्रदेश



## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

# निर्वाचनलाई लक्षित गर्दै भिठामोड नाका तीन दिनका लागि बन्द



**खबर दर्पण समाचारदाता**
**फागुन १९ गते, बर्दिवास**

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र व्यवस्थित रूपमा सम्पन्न गराउने उद्देश्यले महोत्तरीस्थित भारतसँग जोडिएको भिठामोड सीमा नाका अस्थायी रूपमा बन्द गरिएको छ ।

निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै फागुन १८ गते मध्यरातदेखि नाका पूर्ण रूपमा सिल गरिएको हो ।

सुरक्षा निकायका अनुसार भारतीय सुरक्षा अधिकारीहरूसँग आवश्यक समन्वय र समभ्कदारीपछि सीमा आवतजावतमा रोक लगाइएको हो । बन्द व्यवस्था फागुन २१ गते राति १२ बजेसम्म कायम रहने जनाइएको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन दुवै देशका सुरक्षा निकायबीच भएको सहमतिअनुसार सीमा नाकाबाट हुने आवतजावत अस्थायी रूपमा स्थगित गरिएको प्रहरीले स्पष्ट पारेको छ । बन्द अवधिभर एम्बुलेन्स, दमकल, शववाहन तथा अन्य अत्यावश्यक मानवीय सेवाबाहेक सबै प्रकारका सवारी साधन र पैदल यात्रुहरूको आवागमनमा पूर्ण प्रतिबन्ध रहनेछ ।

खुला सीमाका कारण निर्वाचनका बेला हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि तथा सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्न सीमावर्ती क्षेत्रमा सुरक्षा गस्ती र निगरानीसमेत तीव्र पारिएको छ । निर्वाचन अवधिभर सीमा सुरक्षालाई थप सुदृढ बनाउन विशेष सुरक्षा कार्ययोजना लागू गरिएको सुरक्षा अधिकारीहरूले बताएका छन् ।

यसैबीच, मिथिला मध्यमा परिक्रमा अन्तर्गत अन्तगृह परिक्रमामा सहभागी भई भारत फर्कने भारतीय श्रद्धालुहरूका लागि छुट्टै व्यवस्थापन गरिएको छ। परिक्रमा सम्पन्न गरी आजै भारत फर्कन चाहने श्रद्धालुहरूलाई वैकल्पिक मार्गबाट फर्काउने व्यवस्था मिलाइएको छ। तर, भारतबाट नेपाल प्रवेश गर्न खोज्ने व्यक्तिहरूलाई भने पूर्ण रूपमा रोक लगाइएको सुरक्षा निकायले जनाएको छ ।

# धनुषामा कडा सुरक्षा, ८ हजार बढी सुरक्षाकर्मी परिचालन



**खबर दर्पण समाचारदाता**
**फागुन १९ गते, बर्दिवास**

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै धनुषामा व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। जिल्ला प्रशासन कार्यालयले सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै जिल्लाभर कडा सुरक्षा सतर्कता अपनाइएको जनाएको छ ।

निर्वाचन सुरक्षाअन्तर्गत जनकपुर धामस्थित जनकपुर विमानस्थल गत १६ फागुनदेखि नेपाली सेनाको जिम्मामा दिइएको छ। संवेदनशील पूर्वाधारको सुरक्षालाई प्राथमिकतामा राख्दै उक्त निर्णय गरिएको प्रशासनले जनाएको छ ।

यसैबीच नेपाल-भारत सीमा क्षेत्रमा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित सुरक्षा निकायका प्रतिनिधिहरूले संयुक्त अनुगमन गरेका छन् । सीमा नाकामा आवतजावत र सुरक्षाको अवस्थाबारे स्थलगत निरीक्षण गरिएको बताइएको छ। धनुषाका चारवटै निर्वाचन क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र म्यादी प्रहरी गरी ८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रजिअ लुइँटेलका अनुसार प्रत्येक क्षेत्रमा आवश्यकताअनुसार सुरक्षाकर्मी खटाइएको छ ।

'जिल्लाको कुनै पनि स्थानमा निर्वाचन विरोधी गतिविधि भए सात मिनेटभित्र थप सुरक्षा फोर्स पुग्ने गरी सुरक्षा योजना तयार गरिएको छ,' उनले भने ।

प्रशासनले मतदातालाई ढुक्क भएर मतदान प्रक्रियामा सहभागी हुन आग्रह गर्दै निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित बनाउन सबै तयारी पूरा भएको जनाएको छ।

कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,